# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, माघ १५ गते २०४३ साल (अतिरिक्ताङ्क ४४ (अ)

## भाग ४

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले वनक्षेत्र सुदृढीकरणको लागि देहायबमोजिमको झापा जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग गठन गरेको छ ।

(क) आयोगको गठनविधि

१. माननीय श्री गणेशदत्त भट्ट — अध्यक्ष
२. श्री ५ को सरकारले तोकेको सह-सचिव वा अन्य अधिकृत कर्मचारी — सदस्य
३. सम्बन्धित प्रमुख जिल्ला अधिकारी — सदस्य
४. सम्बन्धित प्रमुख मालपोत अधिकृत सो नभएमा मालपोत अधिकृत — सदस्य
५. सम्बन्धित जिल्ला वन नियन्त्रक — सदस्य
६. प्रमुख नापी अधिकृत वा उपप्रमुख नापी अधिकृत — सदस्य
७. नेपाल पुनर्वास कम्पनीका सम्बन्धित जिल्लास्थित आयोजना प्रमुख — सदस्य
८. सम्बन्धित क्षेत्रीय बसोबास प्रशासक — सदस्य-सचिव

(ख) आयोगले आवश्यक देखेमा सम्बन्धित जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने माननीय सदस्यहरू सम्बन्धित जिल्लाको जिल्ला पञ्चायत सभापति वा उप-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सभापति, सम्बन्धित गाउँ पञ्चायतका प्रधान पञ्च वा उपप्रधान पञ्चलाई उपस्थित हुन आमन्त्रित गरिनेछ ।

(ग) काम, कर्तव्य, अधिकारः १. आयोगको काम, कर्तव्य, अधिकार सम्बन्धमा तत्काल आयोगले जिल्लामा गई तीन हप्ता विस्तृत रूपमा अध्ययन निरीक्षण समेत गरी चौथो हप्तामा निम्न अनुसार प्रतिवेदन प्रस्तुत गर्ने । तर यस्तो प्रतिवेदन पेश २०३८ को लगतको आधारमा गर्ने, नयाँ लगत खडा नगर्ने ।

२. यसै साथ संलग्न उल्लिखित समस्याको अतिरिक्त अरू पनि थप वा भिन्नै प्रकारको समस्या छ, छैन ।

३. सर्वप्रथम विस्तापित परिवारको समस्या समाधान गर्ने प्रसंगमा सट्टा भर्ना निम्ति छुट्याइएको मात्र जग्गा सट्टा भर्ना दिन पर्याप्त छ, छैन बुझी नपुग भएमा कहाँबाट प्राप्त गर्न सकिन्छ सो बुझ्ने र नयाँ जग्गा प्राप्त हुन नसकिने भएमा सट्टा निम्ति के कति परिमाणसम्म जग्गा दिने र नपुग जग्गाको निम्ति के कुन दरले मुआब्जा दिने हो खुलाई पेश गर्ने ।

४. वन जङ्गलभित्र अतिक्रमण गरी अव्यवस्थित बसोवास गरी बस्ने परिवारलाई वनक्षेत्रभित्रबाट बाहिर निकाले पछि नबसाई नहुने परिवारको निम्ति बसाउन घरधुरीसम्मको कति जग्गा पहिले नै छुट्याइएको छ वा ऐलानी पर्ति छ र के कति दरले न्यूनतम परिमाणमा दिन सकिन्छ उल्लेख गर्ने र ऐलानी पर्ति जग्गामा भएको अतिक्रमणकारीहरूलाई हटाउने सम्बन्धमा पनि के कस्तो प्रक्रियाबाट गर्ने उल्लेख गर्ने ।

५. एकाको पूर्जा र अर्काको ढालफाँड वा जोतको सम्बन्धी समस्या के कति छन् र तिनीहरूको समस्या समाधान कुन तरीकाबाट गर्ने ?

६. अगाडिको आयोग वा समितिको निर्णय कार्यान्वयन गर्न बाँकीमा के कस्तो प्रक्रिया अपनाउने ?

७. वनक्षेत्र भए तापनि प्रतिदिन शहरीकरण हुँदै गएको क्षेत्रमा रहेको अव्यवस्थित बसोवासलाई तत्काल हटाउन पर्ने हो होइन एकीन गरी हटाउन नसकिने स्थिति भएमा वन सीमा सार्न लगाई प्रचलित मूल्यको रकम लिई दर्ता गर्ने बारे ठोस सुझाव दिने ।

८. उक्त बमोजिम काम कर्तव्य सम्पन्न गर्न निम्न उल्लिखित अधिकारमा थप के कस्तो कानूनी अधिकार चाहिने हुन्छ प्रतिवेदन पेश गर्ने ।



९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।